# विनियोजन ऐन, २०७६

**प्रमाणीकरण मिति**

२०७६।०३।३०

## सम्वत् २०७६ सालको ऐन नं. २

**आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यको लागि संघीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यको लागि संघीय सञ्चित कोष माथि व्ययभार हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

संघीय संसद्ले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "विनियोजन ऐन, २०७६" रहेको छ।

(२) यो ऐन सम्वत् २०७६ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७६/०७७ को निमित्त संघीय सञ्चित कोषबाट खर्च गर्ने अधिकारः** आर्थिक वर्ष २०७६/०७७ को निमित्त अनुसूची -१ बमोजिम संघीय सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालू खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रकम रू. १४,३९,१७,४६,००,०००।- (अक्षरेपी चौध खर्ब उनान्चालीस अर्ब सत्र करोड छयालीस लाख) मा नबढाई निर्दिष्ट गरिए बमोजिम संघीय सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **<u>विनियोजनः</u>** (१) यस ऐनद्वारा संघीय सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/०७७ को निमित्त अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) बमोजिम अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरेको रकममध्ये कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा अपुग हुने देखिन आएमा नेपाल सरकार, अर्थ मन्त्रालयले बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा रकम सार्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदानबाट अर्को एक वा एकभन्दा बढी अनुदानमा रकम सार्न तथा निकासा र खर्च जनाउन र चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

तर,

(क) एउटै अनुदान संख्याभित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ।

(ख) पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम सावाँ भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत सावाँ भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

(४) प्रदेश तथा स्थानीय तहका लागि अनुदान संख्या ७०१ र ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान संख्यामा रकमान्तर हुने छैन।

(५) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संख्या ५०१ देखि ६०२ सम्म विनियोजन भएको रकम जुन

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन।

४. <u>**अन्तर सरकारी वित्तीय हस्तान्तरण:**</u> (१) अनुदान संख्या ७०१ को रकम कानून बमोजिम प्रदेशले खर्च गर्न पाउने गरी अनुदानको रूपमा प्रदेश सञ्चित कोषमा हस्तान्तरण गरिनेछ।

(२) अनुदान संख्या ८०१ को रकम स्थानीय तहले कानून बमोजिम खर्च गर्न पाउने गरी अनुदानको रूपमा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको रकममध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम महालेखा नियन्त्रक कार्यालयले सम्बन्धित सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको साउन २५ गते, कार्तिक २ गते, माघ २ गते र बैशाख २ गते गरी चार किस्तामा दाखिल गर्नेछ।

(४) उपदफा (३) बमोजिमको वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण प्रदेश तथा स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा प्रत्येक आर्थिक वर्षको कार्तिक १ गते, माघ १ गते, बैशाख १ गते र वार्षिक आर्थिक विवरण अर्को आर्थिक वर्षको साउन २४ गतेभित्र पेश गर्नु पर्नेछ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (४) बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान बापतको बाँकी रकम सम्बन्धित सञ्चित कोषमा दाखिल गरिने छैन।

(६) उपदफा (१) र (२) बमोजिमको अनुदान रकममध्ये सशर्त अनुदान रकमको एक चौथाईले हुन आउने रकम महालेखा नियन्त्रक कार्यालयले सम्बन्धित सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको साउन २५ गते दाखिल गर्नेछ।

(७) प्रदेश तथा स्थानीय तहले सशर्त अनुदान बापत हस्तान्तरण भएको रकम जुन क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही

क्षेत्रको योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन गर्ने अवधि, कार्यान्वयनको प्रक्रिया र खर्चको विवरण सहितको कार्ययोजना प्रत्येक आर्थिक वर्षको साउन २४ गतेभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ।

(८) उपदफा (७) बमोजिम पेश भएको कार्ययोजना बमोजिम खर्च भएको रकमको विवरण प्रदेश तथा स्थानीय तहले प्रत्येक आर्थिक वर्षको मङ्सिर १५ गते, चैत्र १५ गते र वार्षिक आर्थिक विवरण अर्को आर्थिक वर्षको साउन २४ गतेभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ।

(९) उपदफा (८) बमोजिम पेश भएको विवरणको आधारमा महालेखा नियन्त्रक कार्यालयले प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएको सशर्त अनुदानमध्ये उपदफा (६) बमोजिम दाखिल भएको रकम घटाई बाँकी रहेको रकम क्रमशः सम्बन्धित प्रदेश तथा स्थानीय सञ्चित कोषमा दाखिल गर्नेछ।

(१०) उपदफा (८) बमोजिमको विवरण प्राप्त नभएसम्म सशर्त अनुदान बापतको बाँकी रकम सम्बन्धित सञ्चित कोषमा दाखिल गरिने छैन।

(११) नेपाल सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम महालेखा नियन्त्रक कार्यालयले प्रदेश तथा स्थानीय तहलाई समपुरक र विशेष अनुदानको रकम हस्तान्तरण गर्नु पर्नेछ।

(१२) सशर्त, समपुरक र विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित प्रदेश तथा स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत संघीय सञ्चित कोषमा फिर्ता दाखिल गर्नु पर्नेछ।

(१३) उपदफा (१२) बमोजिम अनुदानको रकम फिर्ता दाखिल नभएमा महालेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम अर्को वर्ष हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्नेछ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

५. **योजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः** (१) यस ऐन बमोजिम नेपाल सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम प्रदेश तथा स्थानीय तहमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले प्रदेश तथा स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्ने गरी निर्णय गर्नु पर्नेछ ।

(२) यस ऐन बमोजिम प्रदेश तथा स्थानीय तहमा सशर्त अनुदान अन्तर्गतका योजना वा कार्यक्रम कार्यान्वयन गर्दा थप रकम माग भई आएमा नेपाल सरकार, अर्थ मन्त्रालयले त्यस्तो योजना वा कार्यक्रमको प्रगतिको आधारमा थप रकम उपलव्ध गराउने गरी निर्णय गर्न सक्नेछ ।

(३) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश तथा स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम प्रदेश तथा स्थानीय तहले नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयको स्वीकृति लिई सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्नु पर्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिमको निर्णयको जानकारी नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल सरकारको सम्बन्धित मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, सम्बन्धित प्रदेश तथा स्थानीय तह, सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम प्रदेश तथा स्थानीय तहले कार्यान्वयन गर्ने वा उपदफा (२) बमोजिम थप रकम उपलव्ध गराउने निर्णय प्राप्त भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले त्यस्तो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी संघको एकल खाता कोष प्रणालीमा सम्बन्धित प्रदेश तथा स्थानीय तहको कार्यालयलाई संघीय निकायको रुपमा कार्यालय कोड दिई सोही कोडबाट प्रचलित संघीय कानून बमोजिमको रकम निकासा दिनु पर्नेछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(६) उपदफा (३) बमोजिम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा प्रदेशको योजना तथा कार्यक्रमको हकमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा एकाइ कार्यालयले त्यस्तो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेशको एकल खाता कोष प्रणालीमा प्रदेश निकायको रुपमा कार्यालय कोड दिई रकम निकासा दिनु पर्नेछ।

(७) उपदफा (३) बमोजिम स्थानीय तहको योजना तथा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले संघीय निकायको नाममा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको कार्यसञ्चालन कोष खातामा जम्मा हुने गरी रकम निकासा दिनु पर्नेछ ।

६. <u>लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षणः</u> (१) यस ऐन बमोजिम एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च एकाइको रुपमा प्रचलित कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम योजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई त्यस्तो आर्थिक विवरण रकम विनियोजन भएको तहमा पठाउनु पर्नेछ ।

(३) नेपाल सरकारबाट वित्तीय हस्तान्तरण हुने सशर्त अनुदान अन्तर्गतको वैदेशिक स्रोत समावेश भएको कुनै योजना तथा कार्यक्रम प्रदेश तथा स्थानीय तहले कार्यान्वयन गर्दा वैदेशिक सहायता सम्झौता बमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालयले निर्दिष्ट गरेको ढाँचामा खर्च गर्ने प्रदेश तथा स्थानीय तहले छुट्टै अभिलेख राखी निर्धारित समयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय, सम्बन्धित शोधभर्ना माग गर्ने निकाय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(४) उपदफा (३) बमोजिम प्रतिवेदन पेश नभएको कारणबाट खर्च रकम शोधभर्ना हुन नसकेमा त्यसरी शोधभर्ना हुन नसके बराबरको रकम सम्बन्धित प्रदेश तथा स्थानीय तहबाट दफा ४ को उपदफा (१३) बमोजिम कट्टा गरी समायोजन गरिनेछ ।

७. **वित्तीय अनुशासन:** (१) प्रदेश तथा स्थानीय तहले कानून बनाई आफूले उठाएको राजस्व र यस ऐन बमोजिम प्राप्त गरेको अनुदान खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा देहाय बमोजिमको व्यवस्था समावेश हुने गरी बनाउनु पर्नेछः–

(क) नेपाल सरकारको आर्थिक र वित्तीय नीतिको अनुशरण गर्ने,

(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिल गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्ने,

(घ) पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालू खर्चमा रकमान्तर गर्न नपाइने,

(ङ) प्रचलित संघीय कानूनले निर्धारण गरे बमोजिमको आय व्ययको वर्गीकरण, लेखाङ्कन तथा लेखा प्रणाली राख्ने ।

८. **अख्तियारी तथा कार्यक्रम स्वीकृति:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकारप्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले यो ऐन प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई बाँडफाँट गरी त्यसको जानकारी नेपाल सरकार, अर्थ मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ।

(६) उपदफा (५) बमोजिम मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको चौमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनु पर्नेछ ।

तर राजपत्राङ्कित विशिष्ट श्रेणीको कर्मचारी प्रमुख भएको निकायमा निजले चौमासिक विभाजनमा संशोधन गर्न बाधा पुगेको मानिने छैन ।

(८) उपदफा (७) बमोजिम संशोधन भएको जानकारी नेपाल सरकार, अर्थ मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

९. <u>**कार्यविधि तथा मापदण्ड बनाउन सक्नेः**</u> (१) यस ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड नेपाल राजपत्रमा प्रकाशन गरिनेछ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

१०. **<u>आदेश जारी गर्न सक्ने</u>:** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची - १

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधान बमोजिम

संघीय सञ्चित कोषमाथि व्ययभार हुने रकम

रू.लाखमा

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | १०१ | राष्ट्रपति | ८१ | ० | ८१ |
| २ | १०२ | उपराष्ट्रपति | ६७ | ० | ६७ |
| ३ | १०३ | प्रदेश प्रमुखहरु | ३५० | ० | ३५० |
| ४ | २०२ | संघीय संसद | २१९ | ० | २१९ |
| ५ | २०४ | अदालत | ४३३ | ० | ४३३ |
| ६ | २०६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ८६ | ० | ८६ |
| ७ | २०८ | महालेखा परीक्षकको कार्यालय | २४ | ० | २४ |
| ८ | २१० | लोक सेवा आयोग | ७७ | ० | ७७ |
| ९ | २१२ | निर्वाचन आयोग | ६५ | ० | ६५ |
| १० | २१४ | राष्ट्रिय मानव अधिकार आयोग | ६३ | ० | ६३ |
| ११ | २१८ | न्याय परिषद् | १७ | ० | १७ |
| १२ | २२० | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | ६८ | ० | ६८ |
| १३ | २२२ | राष्ट्रिय महिला आयोग | ७३ | ० | ७३ |
| १४ | २२४ | राष्ट्रिय दलित आयोग | ६३ | ० | ६३ |
| १५ | २२६ | राष्ट्रिय समावेशी आयोग | ६३ | ० | ६३ |

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | २२८ | आदिवासी जनजाति आयोग | ६३ | ० | ६३ |
| १७ | २३० | मधेशी आयोग | ६३ | ० | ६३ |
| १८ | २३२ | थारू आयोग | ६३ | ० | ६३ |
| १९ | २३४ | मुस्लिम आयोग | ६४ | ० | ६४ |
| २० | ५०२ | अर्थ मन्त्रालय- आन्तरिक ऋण भुक्तानी | २२६१२० | ३९८२३१ | ६२४३५१ |
| २१ | ५०३ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | ३८३३७ | २०९०५१ | २४७३८८ |
| २२ | ५०४ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | ४५८० | ५९१०४ | ६३६८४ |
| २३ | ६०२ | अर्थ मन्त्रालय- फैसला वा आदेश अनुसार तिर्नुपर्ने रकम | ५०० | ० | ५०० |
| | | जम्मा | २७१५३९ | ६६६३८६ | ९३७९२५ |

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची -२

(दफा २ र ३ सँग सम्बन्धित)

## संघीय सञ्चित कोषबाट विनियोजन हुने रकम

रू.लाखमा

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| १ | १०१ | राष्ट्रपति | ११११ | १३३६ | ० | २४४७ |
| २ | १०२ | उपराष्ट्रपति | ३७६ | १६ | ० | ३९२ |
| ३ | १०३ | प्रदेश प्रमुखहरु | १९४७ | १७८ | ० | २१२५ |
| ४ | २०२ | संघीय संसद | १२४९१ | ३७८ | ० | १२८६९ |
| ५ | २०४ | अदालत | ४४४८३ | १७१६० | ० | ६१६४३ |
| ६ | २०६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ९६८९ | ३६१३ | ० | १३३०२ |
| ७ | २०८ | महालेखा परीक्षकको कार्यालय | ४७०२ | २३४२ | ० | ७०४४ |
| ८ | २१० | लोक सेवा आयोग | ७०६१ | ३९६ | ० | ७४५७ |
| ९ | २१२ | निर्वाचन आयोग | ४५८७ | ५७१ | ० | ५१५८ |
| १० | २१४ | राष्ट्रिय मानव अधिकार आयोग | २४६० | ३५ | ० | २४९५ |
| ११ | २१८ | न्याय परिषद् | ४७७ | २७ | ० | ५०४ |
| १२ | २२० | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | ८८२ | ७० | ० | ९५२ |
| १३ | २२२ | राष्ट्रिय महिला | १०५९ | ७१ | ० | ११३० |

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| | | आयोग | | | | |
| १४ | २२४ | राष्ट्रिय दलित आयोग | ३८६ | ५४ | ० | ४४० |
| १५ | २२६ | राष्ट्रिय समावेशी आयोग | ३४७ | ९१ | ० | ४३८ |
| १६ | २२८ | आदिवासी जनजाति आयोग | ३२१ | ११८ | ० | ४३९ |
| १७ | २३० | मधेशी आयोग | ३५३ | ८५ | ० | ४३८ |
| १८ | २३२ | थारू आयोग | ३३३ | १०३ | ० | ४३६ |
| १९ | २३४ | मुस्लिम आयोग | ३१४ | १२३ | ० | ४३७ |
| २० | ३०१ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३६९८७ | ९५८१ | ० | ४६५६८ |
| २१ | ३०५ | अर्थ मन्त्रालय | १२३९६४ | १०२६५७ | ० | २२६६२१ |
| २२ | ३०७ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ४०३७७ | ६५८९७ | ० | १०६२७४ |
| २३ | ३०८ | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | ६२२४२ | ४०२५६१ | ० | ४६४८०३ |
| २४ | ३११ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ५०३१ | ६० | ० | ५०९१ |
| २५ | ३१२ | कृषि तथा | २५२१६६ | २८७६८ | ० | २८०९३४ |

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| | | पशुपन्छी विकास मन्त्रालय | | | | |
| २६ | ३१३ | खानेपानी मन्त्रालय | २७९४४ | २२६०४१ | ० | २५३९८५ |
| २७ | ३१४ | गृह मन्त्रालय | १२५४२९२ | १०१६४२ | ० | १३५५९३४ |
| २८ | ३२५ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २९६७८ | २३१४६ | ० | ५२८२४ |
| २९ | ३२६ | परराष्ट्र मन्त्रालय | ४३१२० | १७४६४ | ० | ६०५८४ |
| ३० | ३२९ | वन तथा वातावरण मन्त्रालय | ८२४०५ | ५५९८८ | ० | १३८३९३ |
| ३१ | ३३६ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ५९६७१ | १७२०६ | ० | ७६८७७ |
| ३२ | ३३७ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ११७४५५ | १४४८८७७ | ० | १५६६३३२ |
| ३३ | ३४० | महिला | ७६२० | १३५ | ० | ७७५५ |

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| **क्र. सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजीगत** | **वित्तीय व्यवस्था** | **जम्मा** |
| | | बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | | | | |
| ३४ | ३४३ | युवा तथा खेलकूद मन्त्रालय | १४१८० | २०५७१ | ० | ३४७५१ |
| ३५ | ३४५ | रक्षा मन्त्रालय | ४२४६४१ | ७८०७० | ० | ५०२७११ |
| ३६ | ३४७ | शहरी विकास मन्त्रालय | ७९६५६ | २८४५२० | ० | ३६४१७६ |
| ३७ | ३५० | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ६४६७८० | ६०३७ | ० | ६५२८१७ |
| ३८ | ३५८ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ४८०६२ | १५५३१ | ० | ६३५९३ |
| ३९ | ३६५ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २१७८८८ | १००३५४ | ० | ३१८२४२ |
| ४० | ३७० | स्वास्थ्य तथा जनसंख्या | ३४४९०८ | ८१८०१ | ० | ४२६७०९ |

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| | | मन्त्रालय | | | | |
| ४१ | ३७१ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ६२३८० | १६७२ | ० | ६४०५२ |
| ४२ | ३९१ | राष्ट्रिय योजना आयोग | ९४४८ | ७०८ | ० | १०१५६ |
| ४३ | ३९२ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | ६७१३६३ | ७४०१८३ | ० | १४११५४६ |
| ४४ | ५०१ | अर्थ मन्त्रालय- वित्तीय व्यवस्था | ० | ० | १०१२२१२ | १०१२२१२ |
| ४५ | ६०१ | अर्थ मन्त्रालय- कर्मचारी सुविधा तथा सेवानिवृत सुविधा | ८६१००० | ० | ० | ८६१००० |
| ४६ | ६०२ | अर्थ मन्त्रालय- विविध | ५४६१८३ | २२३८२२ | ० | ७७०००५ |

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| **क्र. सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजीगत** | **वित्तीय व्यवस्था** | **जम्मा** |
| ४७ | ७०१ | प्रदेश | ९९८४४४ | ० | ० | ९९८४४४ |
| ४८ | ८०१ | स्थानीय तह | २१३८२११ | ० | ० | २१३८२११ |
| | | **जम्मा** | **९२९९४७५** | **४०८००५९** | **१०१२२१२** | **१४३९१७४६** |

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय